**मध्यनेपाल नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लम्जुङ्ग

**मिति :२०७५/३/२१ गतेको नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१) प्रवक्ता तोक्ने सम्बन्धमा ।

२) ऐन पारित सम्बन्धमा ।

३) सुविधा सम्बन्धमा ।

४) बजेट विनियोजन सम्बन्धमा ।

५) सडक सुचारु सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिका वडा नं ७ का वडा अध्यक्ष श्री गगन घिमिरे लाई प्रवक्ता तोक्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ पारित गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लाई मासिक रु १,५०० मिति २०७४/०४/1 गते देखि लागू हुने गरी सञ्चार सुविधा दिने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा जिल्ला प्राविधिक कार्यालयको पत्र अनुसार झोलुङ्गे पुलको लागत सहभागिता अनुसार गेलाङ्गदी खोला झोलुङ्गे पुलको लागत सहभागिता वापतको एकमुष्ट रकम प्रगतिका आधारमा भुक्तानी दिने गरी रु २,२५,२९१।८२ र हाडीखोला झोलुङ्गे पुल निर्माण पश्चात कार्य प्रगतिको आधारमा भुक्तानी दिने गरी रु १,३८,४९१।६५खर्च नभएको मौज्दात रकमबाट व्ययभार हुनेगरी विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मध्यनेपाल नगरक्षेत्रका बाटोहरु वर्षाको समयमा बाढी, पहिरो बाट अवरुद्ध भएकोले उक्त अवरुद्ध बाटाहरु मौज्दात रकम बाट व्ययभार पर्ने गरी नगरपालिका बाट सुचारु गर्ने र आवश्यक रकम भुक्तानी दिने निर्णय गरियो ।